## नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### पारच्याङ्, रसुवा
### ३ नं. प्रदेश नेपाल

उपाध्यक्ष श्री सिर्जना लामा द्वारा प्रस्तुत

# आर्थिक वर्ष ०७५।७६ को निति तथा कार्यक्रम

**२०७५ असार १० गते आईतबार**

१. अध्यक्ष महोदय,

हामी जननिर्वाचित पदाधिकारी निर्वाचित भई एक वर्ष व्यतित भई चालु आ.व.०७४।७५ को अन्त्यको संघारमा छौ । विभिन्न दलबाट निर्वाचित हामी पदाधिकारीहरुको दलिय स्वरुप,एजेन्डा,मार्गचित्र र घोषणा पृथक भएपनि हाम्रा साझा संकल्प नौकुण्डको उत्थान र विकास नै हो । चुनावी प्रतिस्पर्धात्मक दौडानमा हामीबाट घोषित कार्यक्रम फरक फरक धारको भएपनि यस गाउँपालिकाको समग्र विकास नै हो । हामी विचका फरक मत,आचरण शैली समिश्रणको निश्कर्ष हाम्रा साझा सवाल हुन् र रहनुपर्दछ । जिम्मेवारी,प्रतिवद्धता,जवाफदेहिता हामी पदाधिकारीलाई मापन गर्ने एक कसी रहेको यथार्थ अध्यक्षज्यू मार्फत म नौकुण्ड कार्यपालिका सदस्यज्यूहरु र गाउँ सभा सदस्य ज्यूलाई अवगत र ध्यानाकर्षण गर्न चाहन्छु ।

२. अध्यक्ष महोदय,

एक पाईला अघि बढाउन एक पाईला पछि छोड्नु पर्छ भन्ने उक्ति आत्मसाथ गर्दै आ.व.०७४।०७५ को चालु बजेट कार्यक्रमलाई मध्यमार्गको रुपमा राखी आ.व.०७३।७४ को कार्यक्रमलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दै चालु बजेट कार्यक्रम ०७४।०७५ को समिक्षात्मक सुचक प्रस्ट्याउदै आ.व. ०७५।०७६ को निति तथा कार्यक्रमलाई अघि बढाउन चाहन्छु ।

३. वि.सं.२०७३।११।२७ गते राजपत्रमा सूचना प्रकाशित भएसँगै गठन भएका ७४४ वटा स्थानिय तह सँगै नौकुण्ड गाउँपालिका पनि एक हो । आ.व. ०७३।७४ को बजेटमा निसर्त र शर्सत गरी दुई शिर्षकमा रु.१ करोड विनियोजित भएको थियो । सामान्यतया पूर्वाधार विकास खरिद शिर्षकमा खर्च भएका सम्पुर्ण कार्यहरुको अपनत्व २०७४ श्रावण ३० गते सम्पन्न प्रथम गाउँ सभाबाट ग्रहण गरिसकिएको स्मरण गराउन चाहन्छु । आ.व.०७३।०७४ को बजेट नितिगत कार्य योजना अनुरुप निर्वाचित पदाधिकारी र कर्मचारी कार्यालय व्यावस्थापनमा खर्च भई करिब रु.६२ लाख संचित भएको आर्थिक सुचाकंले देखाएको छ ।

४. अध्यक्ष महोदय,

चालु बजेटको नीति तथा कार्यक्रम अनुरुप कार्ययोजना कार्यान्वयन समिक्षा संक्षेपमा प्रस्तुत गर्दछु । अन्तर सरकार वित्तिय हस्तान्तरण र संशर्त अनुदान मार्फत प्राप्त रकम र आन्तरिक राजश्व अनुमानीत आयको लक्ष सहित हाम्रा कार्यक्रम केहि हद सम्म सफल र केहि विफल पनि भएका प्रगती प्रतिशतले प्रस्ट्याएको छ । आन्तरिक आयको प्रगती ५० प्रतिशत आकांडामा रहेको छ । निशर्तको आयको प्रगती ९० प्रतिशत भन्दा बढि हुनु हाम्रा लागी खुसी र हौसला योग्य रहेका छन् । सशर्त अनुदानबाट प्राप्त बजेट रकम सम्वन्धित तत् तत् शिर्षकमा खर्च भई खर्च हुन नसकेका बाँकी रकम संघिय निर्देशन अनुसार सम्वन्धित कोषमा नै दाखिला गरिसकेको अवगत गराउन चाहन्छु । वित्तिय सामान्यीकरण विनियोजित बजेट रकम नौकुण्ड गाउँपालिकाको ६ वटै वडाका प्राथमीक विकास निर्माण र गाउँपालिकाको चुनौती र विसम परिस्थितीजन्य रुपमा रहेका थिए ।विकास निर्माण अन्तर्गत विनियोजित बजेट कार्यक्रम हाम्रा अनुभवमा मात्र केन्द्रीत रहेका थिए । प्राविधिक ईष्टीमेट आधारित नभएकै कारण ०७४।७५ को कार्यक्रमको संबोधन मिति २०७५ वैशाख ६ गतेको गाउँसभाबाट संसोधन गरी कार्य सम्पन्नको अन्तीम चरणको नजिक पुगेका छन् ।

५. वडागत र गाँउपालिका बाट छनौट भएका कार्यक्रम अनुरुप खानेपानी,सिंचाई, सडक स्तरउन्नती, नयाँ सडक निर्माण बाट नौकुण्डका बासिन्दा भरपुर लाभान्वित भएको पाईएको छ ।पुन: निर्माणका लागि आवश्क सामाग्री ढुवानीमा समेत उल्लेखनिय लाभ भएको छ । आ.ब. ०७४/७५ का कार्यक्रमहरुको

कार्यान्वयन प्रगति सम्पन्न र सम्पन्नताको अन्तिम चरणमा रहेका योजनाहरुको नियमन, अनुगमन र निरिक्षणबाट समग्र प्रगति प्रतिशत उत्साहजनक रुपमा रहेको प्रतिवेदनले प्रस्ट्याएको छ । भौगोलिक जटिलता, दरवन्दी अनुरुप कर्मचारी अभावबाट पनि हासिल भएको प्रगतिलाई हामी निरन्तर दिन स्वः स्फुर्त रुपमा अगाडी बढ्नु पर्ने हुन्छ । हामीले हासिल गरेको प्रगतिको श्रेय तत् तत् स्थानका लाभान्वित जन समुदाय, कर्मचारी, गैर सरकारी संस्थाका प्रतिनिधि र पत्रकार मित्रहरुलाई समेत बाँड्न चाहन्छौँ । हाम्रा हरेक कार्ययोजना कार्यान्वयनलाई नजिकैबाट नियाली घचघचाउन, जवाफदेहिता र पारदर्शितामा विश्वस्त भईरहन अभिप्रेरित गर्नुहुन समेत आभार अनुरोध गर्दछु र नौकुण्ड गाँउपालिकाको उत्थानका लागि लिएको हाम्रो संकल्प पनि हो भनी उद्घोष गर्न चाहन्छु ।

६. अध्यक्ष महोदय,

सडक पुर्वाधार विकासले मात्र समग्र विकास हुन नसक्ने हाम्रो बुझाईलाई सडक विकासबाट मात्र अन्य योजनाहरुको निर्माणमा सहजिकरण हुनसक्ने यर्थाथ हो । सडकले मात्र समुन्नत समग्र नौकुण्डको विकासमा टेवा बल नमिल्ने प्राय निश्चित रहेको ०७४/७५ को कार्ययोजनाले निश्चितता प्रदान गरेको हामी सामु पक्कै लुकेको छैन र लुकाउन पनि नहुने एक यथार्थ हो । शिक्षा, स्वास्थ्य, कृषि र पशु सेवा यी क्षेत्रका उचित विकासबाट मात्र नौकुण्डको विकास र यँहाका जनसमुदायको चौतर्फी हित हुन सक्ने दृढ विश्वास लिएको छु । वडा कार्यालय लगायत पेशागत शाखाबाट प्रवाह हुने चुस्त दुरुस्त सेवाबाट मात्र समग्र नौकुण्डको प्रगति कायापलट हुनेछ । आ.ब. ०७४/७५ को कार्यक्रमले गति पकड लिई प्रगति हासिल भयो भन्दा पनि पुर्ण केन्द्रित कार्यक्रमले तत्काल अलमलमा पारिएता पनि तत् तत् शाखाको कार्य संतोषजनक पाईएता पनि उदाहरणिय बनाउन चुक्यौं र यसलाई थप जिम्मेवारीका साथ अगाडि बढाउन चुनौती भएपनि जिम्मेवारी बहनको दिशा तर्फ उन्मुख हुनुनै पर्छ भन्ने मान्यता लिएको छु ।

७. अध्यक्ष महोदय,

अरुले के गरे भन्दा पनि हामी के गर्दै छौँ र अरुको देखासिकी ( copy paste) हाम्रा समस्या समाधानका बाधक बनेका छनकी हामी चनाखो पक्कै हुनु पर्छ । समस्या नौकुण्डबाट उठी नौकुण्ड बाटै निरुपण गर्न एक ढिक्कामा आबध्द भई बढ्नुको बिकल्प नरहेको वास्तविक तथ्य स्मरण गराउन चाहन्छु । भावी निति तथा कार्यक्रम हाम्रा समस्या समाधानमुखी बन्नु पर्दछ भन्ने मान्यता राख्दछु ।

८. आ.ब. ०७४/७५ मा हाम्रा नीति तथा कार्यक्रमबाट लिईएको लक्ष्य र हाँसिल गरेको प्रगति प्रतिशतको आँकडालाई आत्मसाथ गर्नु पर्दछ । जनसमुदायको आवाज समस्या निराकरणका लागि मात्र नभई समग्र नौकुण्डको हित अनुकुलको सम्बोधन गर्न पहलकदमी रुपमा बढ्नु पर्दछ भन्ने हाम्रो मान्यता हुनु पर्दछ । सत्य तथ्य वस्तु निष्ठा आँकलन गर्न हाम्रो क्षमता समय सापेक्षी हुनु पर्दैछ । हामी एकल सोच र एकल निर्णयका पर्यायवाची बन्न नहुने पाठ आ.ब. ०७४/७५ को कार्यक्रमले प्रस्टयाएको छ ।

९. महा विनासकारी २०७२ को भुकम्पले थिलथिलाएको नौकुण्डलाई जीविकोपार्जनका लागि विविध कार्यक्रम मार्फत गैर सरकारी संस्थाले पुर्‍याएको अतुलनिय सहयोग प्रयासलाई उच्च कदर गर्नु पर्दछ । विपद व्यवस्थापन , खानेपानी  तथा पूर्ण सरसफाई अभियान झोलुङ्गे  पुल, विद्यालय भवन, खेलकुद मैदान निर्माण, स्वास्थ्यचौकी भवन निर्माण र जनचेतना अभिबृद्धि कार्यक्रम फलदायी र सफल रुपमा रहेकोले यस्ता कार्यक्रमबारे  थप हौसला र निरन्तरता दिन कन्ज्युस्याँई गर्नु हुदैन । आ.ब. ०७४/७५ मा विनियोजित समपुरक कोष  कार्यक्रम एक उदाहरणिय साझेदारी मैत्री शतप्रतिशत रहेको प्रगति प्रतिशतले प्रष्ट पारेको छ । यस कोष मार्फत संचालित कार्य पर्याप्त नरहेको तथ्य हामी सामु छर्लङ्ग रुपमा रहेको छ । समग्रमा आ.ब. ०७४/७५ का हाम्रा कार्यक्रम प्राविधिक सहयोग संलग्नता नरहेको भएपनि हाम्रा अथक प्रयास र  आ.ब. ०७४/७५को मध्यावधि समयबाट भएको प्राविधिक सहयोयबाट ८० प्रतिशशत भन्दा बढी प्रगति हासिल गर्नसक्नु हाम्रा लागि निसन्देह थप हौसला र प्रेरणा उल्लेख्य रुपमा रहेको छ ।

१०. अध्यक्ष महोदय,

आ.ब. ०७३/७४, ०७४/७५ को समिक्षाबाट प्रगति हासिल कार्यक्रमलाई आ.ब. ०७५/७६ को नीति तथा कार्यक्रमलाई रणीनतिक आधार बनाई भावी रणनीतिक कार्यक्रममा समावेश गरेको छु । अपरिहार्यता, प्राथमिकता र गरीवीको न्युनतम आधारभुत समस्या पहिल्याई उचित निकास संबोधन हुने कार्यक्रम नै नौकुण्डको विकासको जग र मेरुदण्ड पहिल्याउन हाम्रो नीति तथा कार्यक्रम हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गरेको छु। व्यक्ति विशेष स्वार्थ रहित हाम्रो कार्यक्रम हुनुपर्दछ भन्ने तथ्यलाईृ आ.ब. ०७५/७६ को रणनीतिक कार्य योजनामा समाविष्ट गरेको छु । वस्ती, टोल, विद्यालय, स्वास्थ्य क्षेत्र, कृषि, पशु, महिला तथा बालबालिका क्षेत्रलाई उचित संबोधन हुने यस नीति तथा कार्यक्रमको मुलभुत लक्ष्य रहेको छ ।

११. हिजो जस्तै आज र आज जस्तै भोलि हुन नहुने मान्यता अनुरुप संघियता, गणतन्त्रात्मक व्यवस्थाको पृष्ठपोषण भई संविधानको मर्म पहिल्याउने पहल कदमी स्थानिय तहबाट संचालन हुनु पर्दछ । हिजोमा भएका नराम्रा कार्य र कार्यान्वयन परम्परागत ढाँचालाई जडै समेत फाली राम्रा कार्यका कार्यान्वयनलाई उचित प्राथमिकता दिईएको छ । यसले नौकुण्डको विकासमा महत्वपूर्ण प्रभावकारी भुमिका निर्वाह गर्छ भन्ने दृढ विश्वास लिएको छु । राम्रोलाई हाम्रो र नराम्रो लाई अरुको भन्ने सोचलाई बदल्नुपर्छ भन्ने मान्यताको संबोधन आ.ब. ०७५/७६ को नीति तथा कार्यक्रमले प्रभावकारी भुमिका निर्वाह गर्दछ भन्ने कुरामा विश्वस्त रहेको छु ।

१२. जिम्मेवारी बोध, जवाफदेहिता, उत्तरदायित्व बहन र पारदर्शिताको नाममा तैँ चुप, मै चुप सबै गुपचुप हुन र बन्न नहुने नीति समेत यस आ.ब. बाट हुनेमा विश्वस्त छु ।

१३. वस्ती, टोल स्तरबाट छनौट भएका योजना हरुको महत्व, आवश्यकता पहिचान र विनियोजित वजेटको आधारमा क्रमशः प्राथमिकि क्रमले छनौट गरी कार्य कार्यान्वयन बस्ती टोल स्तर भेलाबाट गराईने छ ।

१४. नौकुण्ड गाँउपालिकाको पधाधिकारी यस गाँउपालिकाको समग्र विकासका पहरेदार मैत्री विमुख हुन नहुने तथ्यलाई मध्यनजर गर्दै योजना कार्यान्वयनमा निर्भिक निश्पक्ष, निरिक्षण अनुगमन दायरामा मात्र सिमित गरिने छ । यसबाट हाम्रा लक्ष्यप्राप्ती लाई यो एक कोषेढुँङ्गा सावित हुनेमा कुनै शंका नरहने विश्वास लिएको छु ।

१५. पहिचान भई छनौट भएको योजना संघिय, प्रदेशिय योजनामा नदोहोरिने कडा नीति अवलम्बन गरिने छ ।

१६. आवश्यकता पहिचान भएका योजना गाँउपालिकाको श्रोतबाट सम्पन्न गराउन बजेट अभाव/नपुगका कारण व्यबधान उत्पन्न हुने परिस्थिति अनुरुप सो कार्य सम्पन्नताको लागि एक साझेदारी समपुरक कोषलाई निरन्तरता दिईने छ र यसबाट गैर सरकारी संस्थाको आवश्यक सहयोग मिल्ने विश्वास लिएको छु ।

१७. यस गाँउपालिकालाई केन्द्र र राष्ट्रिय सडक संजालमा जोड्नको आवश्यक पूल सडक निर्माण कार्य हाम्रो सिमित श्रोत र साधन बाट सम्बोधन हुन नसक्ने भएकोले संघिय सरकार र प्रदेश सरकारलाई यसको निर्माणमा आवश्यक पहल गरिने छ ।

१८. राष्ट्रिय महत्वका योजना पूर्वाधारको संभाव्यता अध्ययन विधि विधानको सिद्धान्त अवलम्वन गरि दिर्घकालीन रुपमा अघि बढाईने छ । पर्यटन पूर्वाधारको विकास संभाव्यता अध्ययन वैज्ञानिक,धार्मिक,अनुसन्धान मूलक खोजबाट पहिचान गरी नेपालको संविधानद्धारा प्रदत अधिकारको दायरा भित्र रहि संघ र प्रदेशको नीति निर्देशन अनुरुप कार्यान्वयन गरिदै लगीने छ ।

१९. विद्यालय खेलकुद मैदान निर्माण,पिकनिक क्षेत्र पार्क निर्माण,बालमैत्री मनोरञ्जन उद्यान,सहसी क्षेत्रको उचित प्रवन्ध गरिने छ ।

२०. अध्यक्ष महोदय,

नौकुण्ड गाउँपालिकालाई पहिचान बनाई राख्न मद्धत गर्ने नौकुण्ड ३ स्थित विशाल लारच्याङ टारलाई विषेश महत्व दिईने छ । राष्ट्रिय,अन्तराष्ट्रिय अभ्यास खेल रंगशाला निर्माण,प्यारा एयरपोर्ट,हेलिप्याड र निजि क्षेत्र सँगको साझेदारीमा होमस्टे सेवा संचालनको संभाव्यता यसै आ.व. बाट सुरु गरिने छ ।

२१. आ.व.०७४।०७५ को बजेट कार्यक्रममा संवोधन भएका तत् तत् सम्वन्धि पकेट क्षेत्रलाई प्रभावकारी बनाईदै संभाव्यता पहिचान अनुसार थप क्षेत्रलाई समेत पकेट क्षेत्र घोषणा निति लिईएको छ ।

२२. पूर्ण सरसफाई र स्वच्छ खानेपानी क्षेत्रलाई विशेष सावधानी क्षेत्र घोषणा गरि प्याकेजका रुपमा कार्यक्रम लागू गरिने छ ।

२३. विद्युत पहँचबाट बन्चित टोल बस्तीलाई नेपाल विद्युत प्राधिकरणको समन्वय सहयोग साझेदारीमा विद्युत पुऱ्याईने छ। टोल वस्तीको मुख्य मुख्य चोकमा नमुनाको रुपमा ६ वटै वडाको केन्द्रमा वत्ती जडान गरी रात्रिकालीन आवतजावत सरलिकरण गरिने छ।

२४. संचालनमा आउन लागीरहेका र आउन चाहने जल विद्युत संचालन आयोजनालाई संघ,प्रदेशको निर्देशन अनुरुप नियमन र सहजिकरण गरि आवश्यक सहयोग प्रदान गरिने छ। गाउँपालिकाको पहलमा साना जल विद्युत आयोजना संचालनको संभाव्यता अध्ययन गरिने छ।

२५. परम्परागत रुपमा घर घरमा घरपालुवाको रुपमा पालिने कुखुरा पालन,पशुपालनलाई निरुत्साहित गर्दै सामुहिक कुखुरा पालन र पशुपालनमा विषेश महत्व दिई आंशिक वा पूर्ण सहयोग गरिने छ। सामुहिक तरकारी खेती, सामुहिक कृषि प्रणालीको अवधारणा अवलम्वन गनिने छ। हरेक "साग सब्जीको पातपातमा भिटामिनको जातजात" भन्ने स्वास्थ्य जीवनको आधारभुत क्षेत्र रहेको तथ्य अभियानको रुपमा लागु गरिने छ। अखाद्य वस्तुको खुलेआम विक्रि वितरण, असुरक्षित वद्यशाला नियमन कडाइका साथ लागु गरिने छ। यहिको कृषि उत्पादनमा निर्भर हुन र रहन जनचेतना अभिवृद्धि कार्यक्रम लागु गरिने छ। यहिको अनाजबाट उत्पादन हुन सक्ने पाउरोटि,विस्कुट,कुकिजको घरेलु कारखाना सहकारी संस्था सँगको साझेदारीमा स्थापना गरिने छ र यहाँ उत्पादित कृषि अन्नलाई नमुनाको रुपमा पहिचान स्टीकर सहित प्याकेजिङ गरि बजारीकरण गरिने छ। बरोजगार युवा जनशक्तिलाई लक्षित गरी युवा लक्षित अनुदानमुखी कृषि कार्यक्रम लागु गरीने छ साथै बाँझोमा परिणत भएका जग्गाको पहिचान गरी माटो सुहाँउदो तरकारी,फलफुल तथा बहुमुल्य बहुउपयोगी खेती गरीने छ। उत्पादन तथा उत्पादकत्व बढाउनका लागी एक घर एक मौरी घार को अवधारणा लागु गरीने छ। परम्परागत खेती प्रणालीलाई प्रतिस्थापन गर्ने उद्धेश्यअनुरुप आधुनिक कृषि प्रणाली लाई अघि सार्न कृषि यान्त्रिकरण प्रणालीलाई विषेश प्राथमिकताका साथ अगाडी बढाईने छ।

२६. अथाह सम्भाव्यता बोकेका यहाँका प्राकृतिक स्वरुपका आकृतीलाई प्रकृतीस्वरुपमा खलल नपुऱ्याई विषेश आकृती दिई पर्यटन प्रवर्धनमा स्वदेशि,विदेशी भौगर्भविद बाट सम्भाव्यताको अध्ययन गराउन आवश्यक पहल गरिने छ। नौकुण्ड ३ को घ्याङ, निर्कुभुमे सुरुङ गुफा को कार्य तत्काल थालनी गरिने छ। सातधारे हिमाल, नौकुण्ड पहुँच पदमार्ग निर्माण तत्काल सुरु गरिने छ।

२७. नौकुण्डको पहिचान सभ्य हाम्रो सानलाई मुर्तरुप प्रदान गर्नकालागी जलाशय निर्माण गरि यसबाट सिंचाई र माछापालन व्यावसाय सम्भाव्यताको अध्ययन गरिने छ। झोलुङगे पूल डिजाईनमा जंगल हिल सफारी सहाशि पद यात्राको निर्माण दिर्घकालिन आयोजनाको रुपमा ६ वटै वडामा क्रमशः अघि बढाईने छ। नमुना अभ्यासको लागी आ.व.०७५।७६ मा न्यूनतम ४०० मिटरको हिल सफारी पूल निर्माण गरिने छ। तामाङ संस्कृति भेषभुसा,खेती औजार समेत झल्कने म्युजियम वडा नं. ३ घ्याङमा स्थापना गरिने छ र फलांखु खोला डाँडामा पार्क निर्माण गरि यस बाट आन्तरिक र बाह्य पर्यटक भित्र्याउने नीति लिईने छ।

२८.बाह्रै महिना सडक संचालनका लागी पारच्याङ घिचेत युव्रा यार्सा सिम्वन्दी सडक,दनुश्वारा पाटिखर्क पारच्याङ सडक पारच्याङ, घट्टेखोला किमार्जुंग सर्स्यु बाँस भन्ज्यांग पारच्याङ सडक र अम्बाश भोर्ले कप्थली पारच्याङ सडकको डि.पि.आर. कार्य अघि बढाईने छ। स्याउबारी लोकिल आरुखर्क लाङबु थाङदोर सिम्वन्दी सडकमार्ग प्राथमिक आधारअनुसार अघि बढाईने छ। लच्याङ सरमथली पाटिखर्क चिलाउने गाऊँ सडक मार्गकालागी सम्पन्न भैसकेको डि.पि.आर. अनुसार सडक निर्माण कार्य अघि बढाउन प्रदेश सरकार सँग आवश्यक पहल साथै वातावरण प्रभाव मुल्याङकन कार्य **(EIA)** गरिने छ।

२९. सम्पूर्ण धर्मावलम्वीहरुको पवित्र स्थल र पर्यटकिय महत्व बोकेको नौकुण्ड र सातधारे एकीकृत पर्यटन प्रवर्धन पदमार्ग निर्माण तथा सुधार र नौकुण्ड-गोसाईकुण्ड केबलकार आयोजना संचालन गर्न सम्भाव्यता अध्ययन र डी.पी.आर. तयार गरि निर्माण प्रक्रिया अघि बढाइने छ । नौकुण्ड गाउँपालिका क्षेत्रहुँदै गोसाईकुण्ड प्रवेश हुने पर्यटकहरुका लागी सिमवन्दी बच्चा दोक्लाङ क्षेत्रमा निशुल्क बास व्यावस्थानपनको व्यावस्था मिलाईने छ साथै बेसाहारा वृद्धवृद्धा,बालबालिका बसोबासका लागी निजि संस्थाको सहकार्यमा आश्रम बनाईने छ।

३०. विद्यालयहरुको समग्र विकासमा विषेश ध्यान दिईने छ। विभिन्न सरकारी तथा गैर सरकारी संस्था ( नेपाल सरकार, एसिया अन्लुस, **JICA,Save the Children** आदि ) मार्फत निर्माण कार्य सम्पन्न भैसकेका तथा निर्माणाधीन विद्यालय भवनहरु मर्मत,संभार तथा संरक्षण गर्न आवश्यकता अनुसार सहयोग गरिनेछ विद्यालयलाई अपांग मैत्री बनाउदै निम्न थपसुधार कार्यक्रम लागु गरिने छ। विद्यालय सुधार योजना अनुसार गुणस्तरीय सिकाई वातावरण निर्माणको लागि सुक्ष्म रुपमा लागी विद्यालय शिक्षालाई प्रवर्धन गरिनेछ ।

क) एस ई.ई. परिक्षामा उत्कृष्ठ छात्रा,छात्र १/१, सम्वन्धित विषय शिक्षक, विद्यालय प्र.अ. व्यावीथापन समिती अध्यक्ष, अभिभावकलाई समेत प्रोत्साहन स्वरुप पुरस्कृत गरिने छ।

ख) एक घण्टा भन्दा बढि पैदल यात्राबाट विद्यालयमा आउने विद्यार्थि लक्षित छात्राबासको व्यावस्था गरिने छ।

ग) प्रत्येक विद्यालयमा अतिरिक्त खेलकुद र मनोरञ्जनका विकासकालागी पालिकाको पूर्ण व्यभार अनुदानमा आंशिक शिक्षकको व्यावस्था मिलाई वार्षिक विद्यालय खेलकुद,हाजिरी जवाफ, निवन्ध प्रतियोगीता गराईने छ।

घ) स्रोत व्यक्ति विद्यालय प्र.अ.,व्यवस्थापन समिति, अभिभावक समेतको सहभागीतामा क्लष्टर वाईज साविकको गा.वि.स. अन्तर्गत अन्तर्क्रीया कार्यक्रम गरिने छ।

ङ) अनुदान कार्यक्रमलाई प्रभावकारीरुपमा अघि बढाई रिक्त शिक्षक पदपूर्ति परिक्षा थप मर्यादित र निपक्ष बनाईने छ ।

च) विद्यार्थि संख्या, विद्यालयको दुरीको आधारमा विद्यालय एकआपसमा गाभिदै लगीने छ ,साथै विकट भुगोलका कारण शिक्षाको पँहुचबाट वञ्चित बालबालिकाहरुलाई शिक्षाको पँहुच पुऱ्याउन आवश्यक ठाउँमा बालविकास केन्द्रहरु संचालन गरिनेछ साथै सवै विद्यालयमा शिक्षा सिकाई कृयाकलाप,बालमैत्री,छात्रामैत्री,अपांगमैत्री अनुरुप संचालन गरिनेछ ।

छ) ८ कक्षा र एस. ई.ई. फाईनल परिक्षाको दूई महिना अगावै देखि कम्जोर विद्यार्थि लक्षित विषेश अतिरिक्त कक्षा संचालन गरिने छ ।

ज) विद्यालय फर्निचर मर्मत संभार र सोको आश्यक व्यवस्थापन सम्वन्धीत दक्ष कामदार गाउँपालिकाबाट करारमा नियुक्ति गरि घुम्ती मोडालिटिमा मर्मत कार्य गरिने छ ।

झ) गाउँपालिका स्तरिय शैक्षिक क्यालेन्डर नौकुण्डको पहिचान अनुरुपको प्रकाशन गरिने छ ।

३१. निशुल्क गाउँपालिकाको नाममा जग्गा प्रदान गर्ने जग्गादाताहरुलाई विषेश सम्मान गरिने र उक्त जग्गामा प्राविधिक नक्साङकन अनुसार गाउँपालिका भवन बनाईने छ ।

३२. स्वास्थ्य जीवनज्युन पाउनु सवैको अधिकार अनुरुप स्वास्थ्य क्षेत्रको पहुँच सवैको अधिकार अनुरुप स्वास्थ्य क्षेत्रको पहुँच सवैको टोल वस्तीमा पुऱ्याईने छ । अशक्त घाईते बिरामीलाई आवश्यक सेवा प्रवाहको लागी एम्वुलेन्सको सेवा क्रमशः ६ वटै वडामा पुऱ्याईने छ । स्वास्थ्य चौकिको सेवालाई थव प्रभावकारी बनाउदै पारच्याङ स्वास्थ्य चौकीको ल्यावलाई न्युनतम आधारभुत आवश्यक्ताका अति आवश्यक सामानको व्यावस्था गरि हेल्थ सेन्टरका रुपमा विकास गरि यार्सा स्वास्थ्य चौकिलाई न्युनतम सामाग्री युक्तको रुपमा विकास गरिने छ र अन्य वडामा रहेका गाँउघर क्लीनिकलाइ थप सुधार गरिने छ ।

३३. एक पालिका एक अस्पतालको अवधारणालाई मुर्तरुपका लागी प्रदेश सरकार सँग समन्वय गरि प्रकृया अघि बढाईने छ ।

३४. वर्थिङ सेन्टरलाई आवश्यक्ता अनुसार सुधार गरि सुत्केरीहुन २ दिन अघि र २ दिन पछि सम्म रहन राख्न उचित व्यावस्था मिलाईने छ ।

३५. महामारी रोग फैलिन नदिनको लागी विषेश सजकता अपनाई चेतना अभिवृद्धि प्रचार प्रसार अभियान संचालन गरिने छ। औषधिको आवश्यक्ता अनुसार यथेस्ट मात्रामा मौज्दात राखी औषधि अभावका कारण हुनसक्ने घटना न्यूनिकरण गरिने छ ।

३६. एउटै छाना मुनी विविध रोग पहिचान र निदानका लागी उल्लेखिय संख्यामा घुम्ती शिविर संचालन गरिने छ ।३८ प्रकारका नि:शुल्क औषधि संख्यालाई प्राथमिक्ता उपचारको रुपमा आवश्यक पहिचान गरी पालिका बाट केही औषधिको संख्या बढाईने छ ।

३७. भु-क्षय न्युनिकरणका लागी वृक्षरोपन कार्यलाई विषेश महत्व दिईने छ । जोखम बस्ती पहिचान गरि उचित स्थान्तरण गरिने छ । बाढि पहिरो आगलागी र प्राकृतिक विपद् न्यूनिकरणको सजकता विषेशरुपमा अपनाईने छ । वृक्षारोपन कार्यमा नाङगा डाँडा पाखामा फलफुल बोटविरुवालाई महत्व दिईने छ । विपद सम्वन्धमा पालिका स्तरिय र वडा कार्यालय स्तरिय अभिमुखिकरण अनुशिक्षण कार्यक्रम संचालन गरिने छ । यस्तो कार्यक्रममा महिला बालबालीकालाई उच्च महत्वका साथ सहभागी गराईने छ ।

३८. घरेलु हिंसा,चेलिबेटि बेचविखन,बाल विवाह , लैगिंक हिंसा विरुद्धमा विषेश महत्वका साथ प्रचार प्रसारको माध्यमबाट जागरण अभियान चलाईने छ। घरेलु हिंसा,विवाद,मेलमिलाप केन्द्र मार्फत सुल्झ्याउन सहजिकरणको भुमिका निर्वाह गरिने छ ।

३९. चेतना अभिवृद्धी महिला बालबालिका पिछडिएको लोपउन्मुख वर्ग,परम्परागत तामाङ संस्कृती पर्व आदि झल्कने वृत चित्रको निर्माण आवश्यक सामाग्री सहित थालनी गरिने छ। हरेका कार्यक्रममा ५० प्रतिशत महिला सहभागीता समावेश गरिने छ ।

४०. स्थानीय तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागीता बढाउने रणनीति लिईनेछ ।

४१. युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास वातावरण संरक्षण,खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने रणनिती लिईनेछ ।

४२. वैदेशिक रोजगारबाट फर्केका युवाका लागी स्वरोजगार तथा उद्यमशिल बन्न आवश्यक तालिम तथा परामर्श कार्यक्रम संचालन गरिनेछ ।

४३. परम्परागत पेशालाई प्रवर्दन गरी आधुनिकिकरण गर्दै उत्पादनलाई बजारसम्म सहज पहुँचको व्यवस्था गरी त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन सम्मान गर्ने कार्यक्रम संचालन गरिने छ ।

४४. आर्थिक रुपले विपन्न, लोपोन्मुख सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

४५. नौकुण्डको पहिचान तथा मनोरञ्जनको लागि नौकुण्ड,३ मा नौकुण्ड स्मार्ट पार्क निर्माण गरी आन्तरीक पर्यटन तथा व्यवसायलाई प्रवर्द्धन गरिने छ ।

४६. सहकारी क्षेत्रलाई क्षमता अभिवृद्धी तथा तालिमहरु संचालन गरिनेछ ।

४७. खुल्ला दिशामुक्त क्षेत्र घोषणा भैसकेको गाउँपालिका ‘ हाम्रो नौकुण्ड स्वच्छ नौकुण्ड ’ भन्ने नारालाई सार्थकता दिन खानेपानी तथा सरसफाई क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था (मानेकोर सोसाईटी नेपाल,

परिवर्तन नेपाल, रेड क्रस सोसाईटी नेपाल इत्यादि ) संग समन्वय गरि पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गरिने छ ।

४८.नौकुण्ड गाँउपालिकाको यस वर्ष नारा ‘ नौकुण्डको आशा, दिगो विकास ’ रहने छ ।

४९. चुस्त दुरुस्त पारदर्शिता व्यवस्थीत सुशासन सहितको प्रशासन संचालन आवश्यक कर्मचारी दरवन्दी अनुसार व्यावस्थापन गरिने छ । प्रशासन कर्मचारी, प्राविधिक कर्मचारी दरवन्दी अनुसार अभाव भई कार्य कार्यान्वयनमा वाधा हुननदिनको लागी प्रदेश सरकारको निति निर्देशन अनुसार करारमा कर्मचारी भर्नालाई निरन्तरता दिईने छ , साथै सार्वजानिक खरिद नियमानुसार खरिद एकद्धार निति अवलम्वन गरिने छ ।

५०. ०७५ श्रावन १ गते देखि लागु हुने गरी घर जग्गा कर आर्थिक विद्येक मार्फत अगाडी बढाईने छ । घर जग्गा कर व्यवस्थापनका लागी कर्मचारीका अतिरिक्त टोल सुधार विकास समिति मार्फत कार्य अघि बढाईने छ ।

५१. अध्यक्ष महोदय,

यस नीति तथा कार्यक्रममा सम्वोधन हुन नसकेका योजनाहरु आपसी छलफबाट सम्वोधन गरिने जानकारी समेत गराउन चाहन्छु ।

**धन्यवाद !**